# कृषि तथा वनविज्ञान विश्वविद्यालय शिक्षक नियुक्तिका आधार, कार्य सम्पादन मूल्याङ्कन तथा कार्य क्षमता अङ्क विभाजन

# एवम्

# सिफारिस सम्बन्धी कार्यविधि – २०७५

# विषय सूची

| परिच्छेद | विषय |
|---|---|
| १ | प्रारम्भिक |
| २ | सिफारिस सम्बन्धी कारवाही |
| ३ | प्रतियोगिताका प्रकार |
| ४ | सिफारिसका आधार तथा पूर्णाङ्क विभाजन |
| ५ | सिफारिस |
| ६ | विविध |
| ७ | बन्देजको अवस्था |
| अनुसूची १ | शैक्षिक योग्यताको अङ्क विभाजन र अन्य व्यवस्था |
| अनुसूची २ | अनुसन्धान तथा कृति प्रकाशनको पूर्णाङ्क विभाजन र अन्य व्यवस्था |
| अनुसूची ३ | शिक्षण सेवा अनुभव वापतको अङ्क |
| अनुसूची ४ | तालिम वापत प्राप्त हुने अङ्क |
| अनुसूची ५ | लिखित परीक्षा |
| अनुसूची ६ | कार्य सम्पादन मूल्याङ्कन |
| अनुसूची ७ | अन्तर्वार्ता |
| परिशिष्ट १ | समावेशीतर्फ छुट्याइएका पदमा दरखास्त दिँदा अपनाइने आधारहरू |
| परिशिष्ट २ | विभिन्न शैक्षिक पदहरूको आवश्यक न्यूनतम योग्यता |

# कृषि तथा वनविज्ञान विश्वविद्यालय शिक्षक नियुक्तिका आधार, कार्य सम्पादन मूल्याङ्कन तथा कार्य क्षमता अङ्क विभाजन एवम् सिफारिस सम्बन्धी कार्यविधि – २०७५

कृषि तथा वनविज्ञान विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा सम्बन्धी नियमावली – २०६९ को नियम ६ को (२) र (३) ले दिएको अधिकार प्रयोग गरी कृषि तथा वनविज्ञान विश्वविद्यालय कार्यकारी परिषद्को सिफारिसमा कृषि तथा वनविज्ञान विश्वविद्यालय सेवा आयोगले कृषि तथा वनविज्ञान विश्वविद्यालयमा शिक्षक नियुक्ति एवं पदोन्नतिका लागि सिफारिसका सम्बन्धमा देहायको प्रक्रिया तोकेको छ ।

# परिच्छेद-१
## प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भ**

(क) यो प्रक्रियाको नाम "कृषि तथा वनविज्ञान विश्वविद्यालय शिक्षक नियुक्तिका आधार, कार्य सम्पादन मूल्याङ्कन तथा कार्य क्षमता अङ्क विभाजन एवं सिफारिस सम्बन्धी प्रक्रिया – २०७५" रहेको छ । यसलाई संक्षेपमा **"शिक्षक नियुक्ति सिफारिस कार्यविधि – २०७५"** भनिने छ ।

(ख) यो प्रक्रिया मिति २०७५ श्रावण १ गतेपछि हुने विज्ञापनमा लागू हुनेछ ।

**१.२ परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस प्रक्रियामा :

(क) "ऐन" भन्नाले कृषि तथा वनविज्ञान विश्वविद्यालय ऐन – २०६७ सम्झनु पर्दछ ।

(ख) "नियम" भन्नाले कृषि तथा वनविज्ञान विश्वविद्यालयका प्रचलित नियमहरू सम्झनु पर्दछ ।

(ग) "विश्वविद्यालय वा कृ.व.वि" भन्नाले कृषि तथा वनविज्ञान विश्वविद्यालय सम्झनु पर्छ ।

(घ) "कार्यकारी परिषद्" भन्नाले कृषि तथा वनविज्ञान विश्वविद्यालयको कार्यकारी परिषद् सम्झनु पर्छ ।

(ङ) "सेवा आयोग" भन्नाले कृषि तथा वनविज्ञान विश्वविद्यालय सेवा आयोग सम्झनु पर्छ ।

(च) "अध्यक्ष" भन्नाले कृषि तथा वनविज्ञान विश्वविद्यालय सेवा आयोगको अध्यक्ष सम्झनु पर्दछ ।

(छ) "सदस्य" भन्नाले कृषि तथा वनविज्ञान विश्वविद्यालय सेवा आयोगका सदस्य सम्झनु पर्दछ ।

(ज) "प्रतियोगिता" भन्नाले सेवा आयोगद्वारा लिइने आन्तरिक प्रतियोगिता र खुल्ला प्रतियोगिता सम्झनु पर्छ ।

(झ) "लिखित परीक्षा" भन्नाले सेवा आयोगद्वारा लिइने प्रतियोगितात्मक लिखित परीक्षा सम्झनु पर्दछ ।

(ञ) "शिक्षक" भन्नाले विश्वविद्यालयका शिक्षक सम्झनु पर्दछ । यस शब्दले सेवा आयोगको प्रतियोगितामा सम्मिलित न्यूनतम योग्यता पुगेका उमेद्वार शिक्षक वा व्यक्ति समेत जनाउँछ ।

(ट) "योग्यता" भन्नाले विभिन्न तहको शिक्षक पदमा नियुक्तिका लागि तोकिएको योग्यता सम्झनु पर्दछ ।

(ठ) "अङ्क" भन्नाले सेवा आयोगबाट यसै प्रक्रियाको अनुसूची बमोजिम विभिन्न आधारमा दिइने अङ्क सम्झनु पर्छ ।

(ड) "अनुसूची" भन्नाले यसै प्रक्रियाको अनुसूची सम्झनु पर्छ ।

१.३ ऐन वा नियमअन्तर्गत प्रयुक्त शब्द र वाक्यांशहरू यस प्रक्रियामा भएकोमा प्रसंगवश अर्को अर्थ नलागेमा ती शब्द र वाक्यांशहरूको व्याख्या सोहीअनुरुप गरिनेछ ।

# परिच्छेद- २
## सिफारिस सम्बन्धी कारवाही

२.१ नियममा अन्यथा स्पष्ट व्यवस्था भएकोमा बाहेक कार्यकारी परिषद्ले स्थायी पदपूर्तीका लागि तोकी पठाएको पद, पदको संख्या र प्रतियोगिताको किसिमका आधारमा सेवा आयोगले शिक्षक पदमा नियुक्तिका लागि सिफारिस सम्बन्धी कारवाही सुरु गर्नेछ र साधारणतया ६ महिनाभित्र सिफारिसको कारवाहीको टुङ्गो लगाई सक्नेछ ।

२.२ विज्ञापन र आवेदन फाराम :

(क) नियुक्तिका लागि सिफारिस गर्नुपर्ने शिक्षक पद र त्यसको किसिम तथा संख्या सबै प्रकारको न्यूनतम योग्यता एवं प्रतियोगिताको किसिम समेत खुलाई सेवा आयोगले सिफारिस गर्ने पदहरूको विज्ञापन राष्ट्रिय स्तरको पत्रपत्रिकामा, सेवा आयोगको नोटिस बोर्डमा र वेबसाइटमा समेत प्रकाशित गर्नेछ ।

(ख) विज्ञापन बमोजिम आवेदन दिने म्याद पत्रिकामा छापिएको मितिदेखि कम्तीमा ३५ दिन राखिने छ ।

(ग) विज्ञापनमा उल्लेख भए बमोजिम न्यूनतम योग्यता पुगेका उम्मेद्वारहरूले आवेदन फाराम तोकिएको म्यादभित्र सेवा आयोगको कार्यालयमा बुझाई सक्नु पर्नेछ ।

(घ) म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लेखित शर्तहरू पूरा नभएको आवेदन फाराममा कुनै कारवाही गरिने छैन ।

(ङ) शिक्षक पदहरूका लागि सेवा आयोगबाट यस कार्यविधिका आवश्यकताहरूको पूर्ती हुने गरी आवेदन फारामहरू तोकिने छन् ।

(च) सेवा आयोगले प्रतियोगिताका लागि आवेदकहरू मध्येबाट तोकिएका सबै शर्तहरू पूरा गरेका उम्मेद्वारको नामावली प्रतियोगिता हुने दिनभन्दा घटीमा १५ दिन अगाडि प्रकाशित गर्नेछ ।

(छ) सेवा आयोगमा दाखिला भइसकेका आवेदन, आवेदन दस्तुर र सम्बन्धित संलग्न कागजात फिर्ता गरिने छैन तर आवेदन फारामसँगै दाखिला भएका अनुसन्धानात्मक र अन्य कृतिहरू नतिजा प्रकाशन पश्चात् पुनरावेदन सम्बन्धी कारवाहीको टुङ्गो लागेपछि सम्बन्धित आवेदकलाई फिर्ता दिन सकिने छ ।

# परिच्छेद- ३
## प्रतियोगिताका प्रकार

३.१. सेवा आयोगले देहायमा उल्लेखित प्रतियोगिताका आधारमा शिक्षक पदमा नियुक्तिका लागि सिफारिस गर्ने छ :

(क) **आन्तरिक प्रतियोगिता**

आन्तरिक प्रतियोगिताका लागि तोकिएको शैक्षिक तथा अन्य योग्यता पुगेका विश्वविद्यालय सेवामा रहेका स्थायी शिक्षकलाई मात्र आन्तरिक प्रतियोगितामा सम्मिलित गराइने छ । यस्ता शिक्षकहरूले आन्तरिक प्रतियोगिता अन्तर्गत हाल आफू कार्यरत रहेको पदभन्दा एक तह माथिको पदका लागि मात्र आवेदन दिन सक्नेछन् ।

(ख) **खुल्ला प्रतियोगिता**

(१) सेवा आयोगले खुल्ला प्रतियोगिताका लागि तोकिएको शैक्षिक तथा अन्य योग्यता पुगेका विश्वविद्यालय सेवामा रहेका वा विश्वविद्यालय सेवा बाहिरका व्यक्तिलाई खुल्ला प्रतियोगितामा सम्मिलित गराउने छ ।

(२) तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले खुल्ला प्रतियोगितामा भाग लिन पाउने छन् । यो प्रतियोगिता खुल्ला/समावेशी आधारमा गरिने छ । यस व्यवस्था अनुसार विश्वविद्यालय सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ती हुने पदमध्ये ५५ प्रतिशत पद सबै उम्मेद्वारहरूले प्रतिस्पर्धा गर्न पाउने र ४५ प्रतिशत पद महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रका उम्मेद्वार बीच मात्र प्रतिस्पर्धा गराउने समावेशी आधारमा पूर्ती गर्ने व्यवस्था गरिने छ ।

(३) विज्ञापनका निमित्त आएका पदहरूका सम्बन्धमा सबै उम्मेद्वारहरूले प्रतिस्पर्धा गर्न पाउने खुल्ला प्रतियोगिताद्वारा पूर्ती गर्ने ५५ प्रतिशत पद र तोकिएको समूह (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएका क्षेत्रका उम्मेद्वारहरू) बीच मात्र प्रतिस्पर्धा गराउने समावेशी आधारमा पूर्ती गर्ने ४५ प्रतिशत पदको विभाजन गर्दा भागफल दशमलवमा आएमा जुनमा बढी आउँछ त्यसैका लागि प्रतिशत निर्धारण गर्ने र दशमलवपछि दुवै समूहमा बराबर अङ्क आएमा खुल्लालाई प्राथमिकता दिने व्यवस्था गरिने छ ।

(४) महिला, आदिबासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रका उम्मेद्वार बीच मात्र प्रतिस्पर्धा गराउने समावेशी आधारमा पूर्ती गर्न छुट्याएको ४५ प्रतिशत पदलाई शतप्रतिशत मानी देहाय वमोजिम वर्गीकृत उम्मेद्वार बीच छुट्टाछुट्टै प्रतिस्पर्धाका आधारमा देहाय अनुसार पद पूर्ती गरिने छ :

(क) महिला ३३ प्रतिशत
(ख) आदिबासी/जनजाति २७ प्रतिशत
(ग) मधेशी २२ प्रतिशत
(घ) दलित ९ प्रतिशत
(ङ) अपाङ्ग ५ प्रतिशत
(च) पिछडिएको क्षेत्र ४ प्रतिशत

**नोट : यसअन्तर्गत नेपालको संविधानको विद्यमान प्राब्धान बमोजिम मेल नखाएमा विद्यमान संविधानले तोके बमोजिम हुनेछ ।**

(५) समावेशीमा पर्ने हरेक वर्गीकृत समूहको पद संख्या निर्धारण गर्न सूत्र प्रयोग गर्दा भागफल दशमलवमा आएमा महिला, आदिबासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्र जुनमा बढी आउँछ त्यसैका लागि प्रतिशत निर्धारण गर्ने । दशमलवपछि महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमा बराबर अङ्क आएमा महिलालाई प्राथमिकता दिने । आदिबासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमा बराबर अङ्क आएमा आदिवासी/ जनजातिलाई प्राथमिकता दिने । मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमा बराबर अङ्क आएमा मधेशीलाई प्राथमिकता दिने । दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमा बराबर अङ्क आएमा दलितलाई प्राथमिकता दिने । अपाङ्ग तथा पिछडिएको क्षेत्रमा बराबर अङ्क आएमा अपाङ्गलाई प्राथमिकता दिने व्यवस्था गरिने छ ।

(६) माथि उल्लेखित वर्गीकृत समूह र क्षेत्रको अर्थ र प्रयोग नेपाल सरकारले किटान गरेको अर्थ र प्रयोगअनुरूप नै हुनेछ ।

**(ग) प्रतियोगिताको अनुपातः** आन्तरिक वा खुल्ला प्रतियोगिता अन्तर्गत पूर्ती गरिने विभिन्न शैक्षिक दरबन्दीहरू पूर्ती गर्न प्रतियोगिताको अनुपात/प्रतिशत निम्नानुसार हुनेछ :

| क्र.सं. | पद | आन्तरिक | खुल्ला |
|---|---|---|---|
| १ | प्राध्यापक | ८० | २० |
| २ | सह प्राध्यापक | ८० | २० |
| ३ | वरिष्ठ फार्म प्रबन्धक | ८० | २० |
| ४ | उप प्राध्यापक | ० | १०० |
| ५ | फार्म प्रबन्धक | ० | १०० |
| ६ | वरिष्ठ प्रशिक्षक | ८० | २० |
| ७ | प्रशिक्षक | ० | १०० |

(घ) खुल्ला/समावेशी आधारमा गरिने प्रतियोगिता र प्रतियोगिताको अनुपातको गणना गर्दा विभिन्न समयमा गरिएका विज्ञापनको समष्टीकृत (Cummulative) रुपमा हुनेछ ।

(ङ) आन्तरिक र खुल्ला प्रतियोगिता अन्तर्गत पूर्ती गरिने विभिन्न शैक्षिक पदहरूको विज्ञापन गर्दा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र हुनेछ ।

# परिच्छेद- ४
## सिफारिसका आधार तथा पूर्णाङ्क विभाजन

४.१ शिक्षक पदमा नियुक्तिका लागि सेवा आयोगबाट सिफारिस गर्ने आधार र तिनको पूर्णाङ्क विभाजन अनुसूची १-७ मा भएको व्यवस्थाको अधिनमा रहने गरी देहाय बमोजिम हुनेछ :

(क) खुल्ला प्रतियोगिता अर्न्तगत देहायका शिक्षक पदमा नियुक्तिको सिफारिसका लागि निर्धारित पूर्णाङ्क :

| आधार | प्राध्यापक | सह- प्रध्यापक | उप-प्रध्यापक | फार्म प्रबन्धक | प्रशिक्षक |
|---|---|---|---|---|---|
| १. शैक्षिक योग्यता | ६० | ६० | ८० | ८० | ७० |
| २. अनुसन्धान तथा कृति प्रकाशन | ९० | ६० | २० | २० | - |
| ३. शिक्षण/कार्य अनुभव | २० | १० | - | - | - |
| ४. दक्षता परीक्षण | १० | १० | १० | १० | ५ |
| ५. तालिम | - | - | - | - | ५ |
| ६. लिखित परीक्षा | - | ४० | ७० | ७० | १०० |
| ७. अन्तर्वार्ता | २० | २० | २० | २० | २० |
| **जम्मा** | २०० | २०० | २०० | २०० | २०० |

(ख) आन्तरिक प्रतियोगिता अर्न्तगत देहायका शिक्षक पदमा नियुक्तिको सिफारिसका लागि निर्धारित पूर्णाङ्क :

| आधार | प्राध्यापक | सह- प्रध्यापक | वरिष्ठ फार्म प्रबन्धक | वरिष्ठ प्रशिक्षक |
|---|---|---|---|---|
| १. शैक्षिक योग्यता | ५५ | ५५ | ८० | ७० |
| २. अनुसन्धान तथा कृति प्रकाशन | ४७ | ४७ | २२ | १२ |
| ३. शिक्षण अनुभव/कार्य अनुभव | ७० | ७० | ७० | ८० |
| ४.तालिम | - | - | - | १० |
| ५.आन्तरिक मूल्याङ्कन | ८ | ८ | ८ | ८ |
| ६.अन्तर्वार्ता | २० | २० | २० | २० |
| **जम्मा** | २०० | २०० | २०० | २०० |

### ४.२.पूर्णाङ्क विभाजन सम्बन्धमा अन्य व्यवस्था

शिक्षक पदमा नियुक्तिका लागि सेवा आयोगको प्रतियोगितामा सम्मिलित न्यूनतम योग्यता पुगेका उम्मेद्वारहरूको देहायका सम्बन्धमा पूर्णाङ्क विभाजन देहाय बमोजिम हुनेछ :

(क) शैक्षिक योग्यताका सम्बन्धमा अनुसूची-१ बमोजिम ।

(ख) अनुसन्धान तथा कृति प्रकाशनका सम्बन्धमा अनुसूची-२ बमोजिम ।

(ग) कृ.व. वि शिक्षण सेवा अवधि (कार्य अनुभव) सम्बन्धमा अनुसूची-३ बमोजिम ।

(घ) तालिम सम्बन्धमा अनुसूची-४ बमोजिम ।

(ङ) लिखित परीक्षा सम्बन्धमा अनुसूची-५ बमोजिम ।

(च) कार्य सम्पादन मूल्याङ्कन सम्बन्धमा अनुसूची-६ बमोजिम ।

(छ) अन्तर्वार्ता सम्बन्धमा अनुसूची-७ बमोजिम ।

# परिच्छेद- ५
## सिफारिस

**५.१.योग्यताक्रमको सूची तथा सिफारिस सम्बन्धी व्यवस्थाः**

(क) उम्मेद्वारहरूले प्राप्त गरेको प्राप्ताङ्क तालिकीकरण गरी योग्यता सूची तयार गरिने र तोकिएको दरबन्दीका आधारमा नतिजा प्रकाशन गरिनेछ । प्रकाशित नतिजामा सफल भएका प्रत्येक उम्मेद्वारले प्राप्त गरेको कूल अङ्क प्रकाशित गरिने छ ।

(ख) प्राध्यापक र सह-प्राध्यापक पदको खुल्ला प्रतियोगितामा आवेदन दिने उम्मेद्वारहरूका लागि निर्धारित पूर्णाङ्क २०० मा प्राध्यापक पदमा ७५ प्रतिशत, सह-प्राध्यापक पदमा ६५ प्रतिशत, उप-प्राध्यापक र प्रशिक्षक पदमा ५० प्रतिशतभन्दा कम अङ्क प्राप्त गरेका उम्मेद्वारहरूलाई नियुक्तिका लागि सिफारिस गरिने छैन । साथै प्राध्यापक, सह प्राध्यापक र वरिष्ठ फार्म प्रबन्धक पदको आन्तरिक प्रतियोगितामा आवेदन दिने उम्मेद्वारहरूका लागि निर्धारित पूर्णाङ्क २०० मा प्राध्यापक पदमा ७० प्रतिशत , सह प्राध्यापक र वरिष्ठ फार्म प्रबन्धक पदमा ६० प्रतिशत तथा वरिष्ठ प्रशिक्षक र प्रशिक्षक पदमा ५० प्रतिशतभन्दा कम अङ्क प्राप्त गरेका उम्मेद्वारहरूलाई नियुक्तिका लागि सिफारिस गरिने छैन ।

(ग) प्रकाशित नतिजामा आफूले प्राप्त गरेको अङ्क सन्तोषजनक नलागेमा उम्मेद्वारले सेवा आयोग समक्ष पुनर्योगका लागि नतिजा प्रकाशन भएको मितिले ७ दिनभित्र रु. ५००। दस्तुर बुझाएको रसिद सहित माग गर्न सक्नेछ । निवेदन दिएको सामान्यतयाः सात दिनभित्र सेवा आयोगले यस सम्बन्धी कामको किनारा लगाई सक्नेछ ।

(घ) सेवा आयोगबाट लिइएको कुनै पनि परीक्षाको नतिजा उपर चित्त नबुझेमा सेवा आयोगले अन्तिम नतिजा प्रकाशन गरेको मितिले ३५ दिनभित्र कृषि तथा वनविज्ञान विश्वविद्यालय, पुनरावेदन आयोग समक्ष उजुरी गर्न सकिने छ ।

(ङ) आन्तरिक पदोन्नतिका सिलसिलामा कुनै पनि शिक्षक तह नाघी माथिल्लो पदका लागि उम्मेद्वारी दिन पाउने छैन ।

**५.२ बराबर अङ्क प्राप्त गरेका उम्मेद्वारहरूको योग्यताक्रम सूची सम्बन्धी व्यवस्था**

(क) खुल्ला प्रतियोगितामा उम्मेद्वारहरूको कूल प्राप्ताङ्क बराबर हुन गएमा शैक्षिक योग्यतामा प्राप्त गरेको कूल अङ्कका आधारमा योग्यताक्रम सूची निर्धारण गरिने छ । शैक्षिक योग्यतामा प्राप्त अङ्क पनि बराबर भएमा लिखित परीक्षा हुने प्रतियोगिता भए लिखित परीक्षामा प्राप्त गरेको अङ्कको आधारमा र लिखित परीक्षा नभई अन्तर्वार्ता मात्र हुने प्रतियोगिता भए अनुसन्धान तथा कृति मूल्याङ्कनमा प्राप्त कूल अङ्कका आधारमा योग्यताक्रम सूची निर्धारण गरिनेछ । तर आन्तरिक प्रतियोगिताका उम्मेद्वारहरूको कूल प्राप्ताङ्क बराबर भए कृ.व.वि. शिक्षण सेवाको जेष्ठताका आधारमा योग्यताक्रम तयार पारिने छ ।

(ख) कृ. व. वि. शिक्षण सेवाको जेष्ठता निर्धारण गर्दा आवेदित शिक्षक पदभन्दा एक तह मुनिको शिक्षक पदको नियुक्तिको मितिको जेष्ठतालाई आधार मानिने छ ।

(ग) खण्ड (क) र (ख) बमोजिम जेष्ठता नछुट्टिएमा उमेरको जेष्ठता लिइने छ ।

## परिच्छेद- ६
## विविध

**६.१. सिफारिस वदर हुने अवस्थाहरू**

(क) प्रतियोगितामा सम्मिलित कुनै उम्मेद्वारले झुट्ठा विवरण दिएमा वा लिखित परीक्षा वा अन्तर्वार्तामा कुनै अनियमित कार्य वा मर्यादा भङ्ग गरेमा सेवा आयोगले त्यस्तो उम्मेद्वारलाई निजको कसुर हेरी सेवा आयोगबाट लिइने कुनै पनि प्रतियोगितामा कुनै खास अवधिका लागि भाग लिन नपाउने गरी अयोग्य घोषित गर्न सक्ने छ ।

(ख) प्रतियोगितामा सम्मिलित कुनै उम्मेद्वारले नतिजालाई प्रभावित पार्ने गरी झुट्ठा विवरण दिई सिफारिस भएको पाइएमा निजको सिफारिस स्वतः रद्द हुनेछ ।

(ग) उम्मेद्वारको मूल्याङ्कन तालिकामा कुनै भूलचुक भई पहिले सिफारिस वा नियुक्ति समेत भैसकेको कुनै उम्मेद्वार सिफारिस वा नियुक्त हुन नसक्ने अवस्था प्रमाणित हुन आएमा सेवा आयोगले त्यस्ता उम्मेद्वारको सिफारिस वदर गर्न सक्नेछ ।

(घ) प्रतियोगितामा सम्मिलित हुन आवेदन दिएका कुनै उम्मेद्वारले अन्तिम नतिजा प्रकाशन हुनुपूर्व नै विश्वविद्यालय सेवाबाट राजिनामा दिएमा वा कुनै पनि कारणले विश्वविद्यालय सेवाबाट अवकाश पाएमा त्यस्ता उम्मेद्वारको आवेदन फाराम तथा सिफारिस भई सकेको भए त्यस्तो सिफारिस समेत स्वतः रद्द हुनेछ ।

# परिच्छेद- ७
## बन्देजको अवस्था

**७.१ देहायका अवस्थामा देहायको अवधिभर कुनै पनि शिक्षक सेवा आयोगबाट प्रकाशित विज्ञापन अनुसार कुनै पनि प्रतियोगितामा सामेल हुन पाउने छैन**

(क) निलम्बन भएको भए निलम्बन अवधिभर ।

(ख) बढुवा रोक्का गरिएको भए त्यसरी रोक्का भएको अवधिभर ।

(ग) तलव वृद्धि रोक्का भएको वा तलव घटाएको भए सो भएको मितिले १ वर्षसम्म ।

(घ) हालको पदमा ३ पटकसम्म नसिहत पाएको भए अन्तिमपटक नसिहत पाएको मितिले १ वर्षसम्म ।

(ङ) विषय परिवर्तन भएको भए सो परिवर्तन भएको मितिले १ वर्षसम्म ।

**७.२ खुल्ला प्रतियोगिताका लागि उम्मेद्वार हुन नपाउने व्यवस्था**

खुल्ला प्रतियोगितामा देहायका अवस्थामा कुनै पनि व्यक्ति विश्वविद्यालय सेवाका लागि उम्मेद्वार हुन वा रहन पाउने छैन :

(क) २१ वर्ष उमेर पूरा नभएका ।

(ख) उपप्राध्यापकका हकमा ४५ वर्ष पूरा भएका र प्राध्यापक तथा सह प्राध्यापक पदको खुल्ला प्रतियोगिमा ५० वर्ष नाघेका विश्वविद्यालय सेवा बाहिरका व्यक्ति उम्मेद्वार हुन सक्ने छैनन् ।

(ग) विश्वविद्यालय सेवा वा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गरिएका ।

(घ) गैह्र नेपाली नागरिक ।

**७.३ व्याख्या र बाधा अड्काउ फुकाउने व्यवस्था**

(क) यस शिक्षक नियुक्ति सिफारिस कार्यविधिमा स्पष्ट उल्लेख भएको व्यवस्था बाहेक अन्यको हकमा सेवा आयोगले निर्णय गरे वमोजिम हुनेछ ।

(ख) यो कार्यविधिको अन्तिम व्याख्या र बाधा अड्काउ फुकाउने अधिकार सेवा आयोगलाई हुनेछ ।

**७.४ खारेजी र बचाउ**

सेवा आयोगबाट निर्धारित शिक्षक नियुक्तिको आधार कार्य सम्पादन मूल्याङ्कन तथा कार्य क्षमता अङ्क विभाजन एवं सिफारिस सम्बन्धी कार्यविधि – २०७१ खारेज गरिएको छ । तर शिक्षक नियुक्ति सिफारिस २०७५ भन्दा पहिले भएका काम कारवाही मध्ये टुङ्गो लागी नसकेका काम कारवाहीहरू शिक्षक नियुक्ति सिफारिस कार्यविधि – २०७१ अनुसार नै हुनेछ ।

# अनुसूची-१
## शैक्षिक योग्यताको अङ्क विभाजन र अन्य व्यवस्था

**१. खुल्ला प्रतियोगिताको प्रयोजनार्थ :**

(क) प्राध्यापक पदका लागि शैक्षिक योग्यताको पूर्णाङ्क ६० (साठी) यसै अनुसूचीको १.३ को अन्य व्यवस्थाको अधिनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ :

| शैक्षिक योग्यता | विशिष्ट श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी) | ५ | ४ | ३ | २ |
| प्रवीणता प्रमाणपत्र | ८ | ६ | ५ | ४ |
| स्नातक | १२ | १० | ८ | ६ |
| स्नातकोत्तर | १५ | १४ | १२ | ८ |
| एम फिल वा विद्यावारिधि | ६ | | | |
| | २० | | | |

(एम फिल वापत ६ अंक प्रदान गर्ने र एम.फिल सहित विद्यावारिधि र विद्यावारिधिका लागि एकमुस्ट २० अंक दिने)

(ख) सह-प्राध्यापक पदका लागि शैक्षिक योग्यताको पूर्णाङ्क ६० (साठी) यसै अनुसूचीको १.३ को अन्य व्यवस्थाको अधिनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ :

| शैक्षिक योग्यता | विशिष्ट श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी) | ५ | ४ | ३ | २ |
| प्रवीणता प्रमाणपत्र | ८ | ६ | ५ | ४ |
| स्नातक | १२ | १० | ८ | ६ |
| स्नातकोत्तर | १५ | १४ | १२ | ८ |
| एम फिल वा विद्यावारिधि | ६ | | | |
| | २० | | | |

(एम फिल वापत ६ अंक प्रदान गर्ने र एम.फिल सहित विद्यावारिधि र विद्यावारिधिको लागि एकमुस्ट २० अंक दिने)

(ग) उप-प्राध्यापक पदका लागि शैक्षिक योग्यताको पूर्णाङ्क ८० (असी) यसै अनुसूचीको १.३ को अन्य व्यवस्थाको अधिनमा रहने गरी देहाय बमेजिम विभाजन हुनेछ :

| **शैक्षिक योग्यता** | **विशिष्ट श्रेणी** | **प्रथम श्रेणी** | **द्वितिय श्रेणी** | **तृतीय श्रेणी** |
|---|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी) | ५ | ४ | ३ | २ |
| प्रवीणता प्रमाणपत्र | १० | ८ | ६ | ४ |
| स्नातक | २० | १८ | १६ | १२ |
| स्नातकोत्तर | २५ | २२ | १७ | १२ |
| एम फिल वा विद्यावारिधि | ६ | | | |
| | २० | | | |

(एम फिल वापत ६ अंक प्रदान गर्ने र एम.फिल सहित विद्यावारिधि र विद्यावारिधिको लागि एकमुष्ट २० अंक दिने)

*प्रथम श्रेणीमा प्रथम भएमा प्रवेशिका, प्रवीणता, स्नातक र स्नाताकोत्तर तहसम्म एउटा डिग्रीमा ५ अङ्का दरले बढीमा दुईवटा डिग्रीसम्म १० अङ्क दिन सकिनेछ । तर यसरी नम्बर दिँदा कुल शैक्षिक योग्यताको पूर्णाङ्कभन्दा बढी हुन हुँदैन ।

(घ) फार्म प्रबन्धक पदका लागि शैक्षिक योग्यताको पूर्णाङ्क ८०(असी) यसै अनुसूचीको १.३ को अन्य व्यवस्थाको अधिनमा रहने गरी देहाय बमेजिम विभाजन हुनेछ :

| **शैक्षिक योग्यता** | **विशिष्ट श्रेणी** | **प्रथम श्रेणी** | **द्वितीय श्रेणी** | **तृतीय श्रेणी** |
|---|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी) | ५ | ४ | ३ | २ |
| प्रवीणता प्रमाणपत्र | १५ | १३ | ११ | ९ |
| स्नातक | २५ | २३ | २१ | १७ |
| अतिरिक्त उपाधि (स्नातकोत्तर वा पोष्ट ग्राजुएट डिप्लोमा वा सोभन्दा माथि) | ३५ | ३२ | २७ | २२ |

(ङ) प्रशिक्षक पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता स्नातक तोकिएको पदका लागि निर्धारित पूर्णाङ्क ७० (सत्तरी) यसै अनुसूचीको १.३ को अन्य व्यवस्थाको अधीनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ :

| **शैक्षिक योग्यता** | **विशिष्ट श्रेणी** | **प्रथम श्रेणी** | **द्वितीय श्रेणी** | **तृतीय श्रेणी** |
|---|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी) | १० | ७ | ४ | ३ |
| प्रवीणता प्रमाणपत्र | १८ | १४ | १० | ६ |
| स्नातक | ३० | २५ | २० | १८ |
| अतिरिक्त उपाधि (स्नातकोत्तर वा पोष्ट ग्राजुएट डिप्लोमा वा सोभन्दा माथि) | १२ | ११ | १० | ८ |

१.२. आन्तरिक प्रतियोगिताको प्रयोजनार्थ

(क) प्राध्यापक पदको आन्तरिक प्रतियोगिताको प्रयोजनार्थ शैक्षिक योग्यताको पूर्णाङ्क ५५ (पचपन्न) यसै अनुसूचीको १.३ को अन्य व्यवस्थाको अधीनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ :

| शैक्षिक योग्यता | विशिष्ट श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी) | ४ | ३ | २ | १ |
| प्रवीणता प्रमाणपत्र | ६ | ५ | ४ | ३ |
| स्नातक | १० | ८ | ६ | ४ |
| स्नातकोत्तर | २० | १८ | १६ | १२ |
| एम फिल वा विद्यावारिधि | ६ | | | |
| | १५ | | | |

(एम फिल वापत ६ अंक प्रदान गर्ने र एम.फिल सहित विद्यावारिधि र विद्यावारिधिका लागि एकमुस्ट १५ अंक दिने)

ख) सह-प्राध्यापक पदको आन्तरिक प्रतियोगिताको प्रयोजनार्थ शैक्षिक योग्यताको पूर्णाङ्क ५५ (पचपन्न) यसै अनुसूचीको १.३ को अन्य व्यवस्थाको अधिनमा रहने गरी देहाय बमेजिम विभाजन हुनेछ :

| शैक्षिक योग्यता | विशिष्ट श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी) | ४ | ३ | २ | १ |
| प्रवीणता प्रमाणपत्र | ६ | ५ | ४ | ३ |
| स्नातक | १० | ८ | ६ | ४ |
| स्नातकोत्तर | २० | १८ | १६ | १२ |
| एम फिल वा विद्यावारिधि | ६ | | | |
| | १५ | | | |

(एम फिल वापत ६ अंक प्रदान गर्ने र एम.फिल सहित विद्यावारिधि र विद्यावारिधिका लागि एकमुस्ट १५ अंक दिने)

(ग) वरिष्ठ फार्म प्रबन्धक पदको आन्तरिक प्रतियोगिताको प्रयोजनार्थ शैक्षिक योग्यताको पूर्णाङ्क ८० (असी) यसै अनुसूचीको १.३ को अन्य व्यवस्थाको अधीनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ :

| शैक्षिक योग्यता | विशिष्ट श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी) | ५ | ४ | ३ | २ |
| प्रवीणता प्रमाणपत्र | १० | ८ | ६ | ४ |
| स्नातक | १५ | १२ | ९ | ६ |
| स्नातकोत्तर | ३० | २५ | १५ | १० |
| एम फिल वा विद्यावारिधि | ६ | | | |
| | २० | | | |

(एम फिल वापत ६ अंक प्रदान गर्ने र एम.फिल सहित विद्यावारिधि र विद्यावारिधिको लागि एकमुष्ट ३० अंक दिने)

(घ) वरिष्ठ प्रशिक्षक पदका लागि आवश्यक न्यूनतम योग्यता शैक्षिक योग्यता स्नातक तोकिएको पदका लागि निर्धारित पूर्णाङ्क ७० (सत्तरी) यसै अनुसूचीको १.३ को अन्य व्यवस्थाको अधीनमा रहने गरी देहाय बमेजिम विभाजन हुनेछ :

| **शैक्षिक योग्यता** | **विशिष्ट श्रेणी** | **प्रथम श्रेणी** | **द्वितीय श्रेणी** | **तृतीय श्रेणी** |
|---|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी) | १० | ७ | ४ | १ |
| प्रवीणता प्रमाणपत्र | १८ | १४ | १० | ८ |
| स्नातक | ३० | २५ | २० | १५ |
| अतिरिक्त उपाधि (स्नातकोत्तर वा पोष्ट ग्राजुएट डिप्लोमा वा सोभन्दा माथि) | १२ | १० | ८ | - |

**१.३.शैक्षिक योग्यताका सम्बन्धमा अन्य व्यवस्था**

(क) शिक्षक पदमा शुरु नियुक्ति हुने उम्मेद्वारले आफ्नो सम्पूर्ण शैक्षिक योग्यताका लागि यसै अनुसूचीमा उल्लेख भए बमोजिम अङ्क पाउने छ ।

(ख) कम्पार्टमेन्टल परीक्षा उत्तीर्ण गरी प्राप्त शैक्षिक योग्यता वा उपाधिका लागि तृतीय श्रेणीको अङ्क दिइनेछ ।

(ग) एक तह नाघी शैक्षिक उपाधि हासिल गरेका उम्मेद्वारका लागि बीचको तहको द्वितीय श्रेणीको अङ्क प्रदान गरिनेछ ।

(घ) कुनै श्रेणी नखुलेको शैक्षिक योग्यता वा उपाधिलाई द्वितीय श्रेणीको अङ्क दिइनेछ ।

(ङ) अतिरिक्त उपाधिको हकमा यसै अनुसूचीमा तोकिए बमोजिम हुनेछ ।

(च) भिन्न विषयको समान तहको एकभन्दा बढी शैक्षिक योग्यता वा उपाधि हासिल गरेको भए ती मध्ये आवेदित पदसँग सम्बन्धित एक शैक्षिक योग्यता वा उपाधिको मात्र अङ्क दिइनेछ ।

(छ) आवेदन दिने अन्तिम मितिसम्म पूरा नभएका तथा आवेदन फाराममा उल्लेख नभएका शैक्षिक उपाधिहरूको अङ्क दिइने छैन ।

(ज) नेपाल बाहिरका विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक उपाधिको (विषय र श्रेणी समेत खुलेको) कृषि तथा वनविज्ञान विश्वविद्यालय वा त्रिभुवन विश्वविद्यालयबाट मान्यता भएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । अन्यथा आवेदन फाराम स्वीकार गरिने छैन ।

(झ) रीत नपुगी आएका वा पेश गर्नुपर्ने सामग्री पूरा नभएका फाराम लिन सेवा आयोग वाध्य हुने छैन ।

## अनुसूची-२
## अनुसन्धान तथा कृति प्रकाशनको पूर्णाङ्क विभाजन र अन्य व्यवस्था

२.१. विभिन्न पदका लागि निर्धारित अनुसन्धान तथा कृति प्रकाशनको पूर्णाङ्क विभाजन यसै अनुसूचीको २.२ को अन्य व्यवस्थाको अधिनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ :

(क) **खुल्ला प्रतियोगिताका लागि**

| पद | सम्बन्धित विषयको पाठ्यपुस्तक/ ल्याब म्यानुयल/ अनुसन्धानात्मक सन्दर्भ ग्रन्थ | | राष्ट्रिय वा अन्तर्राष्ट्रिय सेमिनार गोष्ठीमा भाग लिई Abstract प्रकाशन | | पीएच.डी. शोध निर्देशन | | स्नातकोत्तर तहको शोध निर्देशन | | प्रकाशित लेख: विषयगत अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख | | प्रकाशित लेख: विषयगत राष्ट्रिय जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेख | | प्रकाशित लेख: विषयगत साधारण लेख | | अधिकतम अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अ | आ | अ | आ | अ | आ | अ | आ | अ | आ | अ | आ | अ | आ | |
| प्राध्यापक | २ | १० | १ | ६ | २ | ६ | १ | ५ | ४ | २८ | ३ | ३० | १ | ५ | ९० |
| सह-प्राध्यापक | २ | ६ | १ | ५ | २ | ४ | १ | ४ | ४ | १६ | ३ | २१ | १ | ४ | ६० |
| उप-प्राध्यापक | २ | २ | १ | २ | २ | २ | १ | २ | ४ | ४ | २ | ६ | १ | २ | २० |

टिप्पणी: अ= प्रति एकाइ वापतको अधिकतम अङ्क ।
आ= यस महलअन्तर्गत अधिकतम आर्जन गर्न सकिने अङ्क ।

(ख) आन्तरिक प्रतियोगिताका लागि

| पद | सम्बन्धित विषयको पाठ्यपुस्तक/ ल्याब म्यानुयल/ अनुसन्धानात्मक सन्दर्भ ग्रन्थ | | राष्ट्रिय वा अन्तर्राष्ट्रिय सेमिनार गोष्ठीमा भाग लिई **Abstract** प्रकाशन | | अनुसन्धानात्मक रिपोर्टहरू | | पीएच.डी शोध निर्देशन | | स्नातकोत्तर तहको शोध निर्देशन | | प्रकाशित लेख: विषयगत अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख | | प्रकाशित लेख: विषयगत राष्ट्रिय जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेख | | प्रकाशित लेख: विषयगत साधारण लेख | | अधिकतम अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अ | आ | अ | आ | अ | आ | अ | आ | अ | आ | अ | आ | अ | आ | अ | आ | |
| प्राध्यापक | २ | ४ | १ | ३ | १ | २ | २ | ४ | १ | ५ | ३ | १२ | ३ | १५ | १ | २ | ४७ |
| सह प्राध्यापक | २ | ४ | १ | ३ | १ | २ | २ | २ | १ | ५ | ३ | १२ | ३ | १५ | १ | ४ | ४७ |
| वरिष्ठ फार्म प्रबन्धक | - | - | - | - | १ | ३ | - | - | - | - | - | - | २ | १० | १ | ९ | २२ |
| वरिष्ठ प्रशिक्षक | - | - | - | - | - | - | - | - | - | | - | - | ३ | ६ | १ | ६ | १२ |

टिप्पणी: अ= प्रति एकाइ वापतको अधिकतम अङ्क ।
आ= यस महल अन्तर्गत अधिकतम आर्जन गर्न सकिने अङ्क ।

## २.२ अनुसन्धान तथा कृति प्रकाशन सम्बन्धी अन्य व्यवस्था

१. अनुसन्धान तथा कृति प्रकाशनको अङ्क आन्तरिक प्रतियोगिताको हकमा आवेदित पदभन्दा एक तहमुनिको पदमा लेखिएको पुस्तक, कृति, अनुसन्धान कार्य आदि वापत मात्र प्रदान गरिने छ । खुल्ला प्रतियोगिताको हकमा विश्वविद्यालय सेवा बाहिरका वा विश्वविद्यालयभित्रका व्यक्तिका लागि यो बन्देज लागू हुने छैन ।

२. समाचारपत्रहरूमा छापिएका लेखको मूल्याङ्कन गरिने छैन ।

३. Journal Publication (प्रकाशन) मूल्याङ्कन गर्ने प्रयोजनको लागि Web of Science वा Scopus सूचीमा परी JCR Impact factor वा SJR rank भएका सबै Journal लाई अन्तर्राष्ट्रिय Referred Journal मानिनेछ । JCR Impact factor वा SJR Rank नभएका अन्तर्राष्ट्रिय Referred Journal लाई राष्ट्रिय Referred Journal सरह मानि मूल्याङ्कन गरिनेछ । राष्ट्रिय Referred Journal को रुपमा UGC, Universities, National Research Institutions, Registered Professional Societies बाट प्रकाशित जर्नललाई मूल्याङ्कनमा समावेश गरिनेछ ।

४. क) खुल्ला/आन्तरिक प्रतियोगिता अन्तर्गत राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा बहुलेखकको नाममा प्रकाशित लेखहरूको मूल्याङ्कन गर्दा प्रथम लेखक (First Author) भएमा अधिकतम पूर्णाङ्कको ५० प्रतिशत, Corresponding Author / दोस्रो लेखक भएमा २५ प्रतिशत र त्यसपछिका लेखकहरुलाई पूर्णाङ्कको दामासाहीले मूल्याङ्कन गरिनेछ ।

५. अनुसन्धान तथा कृति मूल्याङ्कन गराउँदा सेवा आयोगले सम्बन्धित विषयका Roster मा नाम भएका कम्तीमा दुई जना विशेषज्ञहरूबाट छुट्टाछुट्टै मूल्याङ्कन गराई औषत अङ्क निकाल्ने छ । मूल्याङ्कन गरेपछि विशेषज्ञले आवेदकले प्राप्त गरेको प्राप्ताङ्क सेवा आयोगले दिएको ढाचाँमा उल्लेख गरी सिलबन्दी गरी बुझाउनु पर्नेछ ।

६. विद्यावारिधि तहको शोध निर्देशन गरी सो शोधकार्य पूरा भई उपाधि प्रदान गरिएको प्रति शोध निर्देशनको २ अङ्कका दरले अधिकतम अङ्क तोकिएको पूर्णाङ्कसम्म प्रदान गरिनेछ । उपरोक्त अङ्क आन्तरिक प्रतियोगिताको हकमा आवेदित पदभन्दा एक तह मुनिको पदमा हुँदा गरेको शोध निर्देशन कार्य बापत मात्र प्रदान गरिने छ भने खुल्ला प्रतियोगिताको हकमा विश्वविद्यालय सेवा बाहिरका वा विश्वविद्यालयभित्रका व्यक्तिका लागि यो बन्देज लागू हुने छैन । यसका निमित्त शोधार्थीको नाम, शोध शीर्षक तथा शोधकार्य पूरा भई उपाधि प्रदान गरिएको मिति उल्लेख गरी सम्बन्धित निकायबाट प्रमाणित गरिएको सक्कल पत्र पेश गर्नु पर्नेछ ।

७. स्नातकोत्तर तहको शोध निर्देशन गरी सो शोधकार्य पूरा भई उपाधि प्रदान गरिएको प्रति शोध निर्देशनको एक (१) अङ्कका दरले तोकिएको पूर्णाङ्कसम्म अङ्क प्रदान गरिनेछ । उपरोक्त अङ्क आन्तरिक प्रतियोगिताको हकमा आवेदित पदभन्दा एक तह मुनिको पदमा हुँदा गरेको शोध निर्देशन कार्य बापत मात्र प्रदान गरिने छ भने खुल्ला प्रतियोगिताको हकमा विश्वविद्यालय सेवा बाहिरका वा विश्वविद्यालयभित्रका व्यक्तिका लागि यो बन्देज लागू हुने छैन । यसका निमित्त शोधार्थीको नाम, शोध शीर्षक तथा शोधकार्य पूरा भई उपाधि प्रदान गरिएको मिति उल्लेख गरी सम्बन्धित निकायबाट प्रमाणित गरिएको सक्कल पत्र पेश गर्नुपर्ने छ ।

८. विज्ञापन प्रकाशित भई सकेपछि प्रकाशित भएका अनुसन्धान तथा कृति प्रकाशन एवं शोध निर्देशन कार्यको मूल्याङ्कन गरिने छैन ।

९. आवेदकले आफ्ना कृतिहरूलाई जुन प्रकार अन्तर्गत मूल्याङ्कनका निमित्त पेश गरेको छ सोही प्रकार अन्तर्गत रहेर मात्र अङ्कन गरिने छ । आवेदकले माग गरेको भन्दा भिन्न प्रकारमा राखेर कुनै पनि कृतिको मूल्याङ्कन गरिने छैन ।

१०. आवेदकले प्रत्येक महलमा उल्लेखित कृति संख्याभन्दा सत प्रतिशत थप बढी कृतिहरू बुझाउन सक्नेछ । आवेदकले पेश गरेका सबै कृतिहरूको मूल्याङ्कन गरी प्रत्येक महलमा उल्लेखित अधिकतम अङ्कमा नबढ्ने गरी अङ्क प्रदान गरिने छ ।

**१०. सम्बन्धित विषयको पाठ्पुस्तक अङ्कन गरिने न्यूनतम आधारः**

(क) पाठ्यक्रममा उल्लेखित विषयवस्तु समेटिएको (Coverage)

(ख) विषयवस्तुको गहिराइ (Depth)

(ग) भाषा

(घ) तहअनुरुप विषयवस्तुको प्रस्तुतीकरण

(ङ) आवश्यक चार्ट, चित्र, तालिका

(च) ISBN अनिवार्य हुनेछ ।

**नोटः** पाठ्यपुस्तक भन्नाले स्नातक तह वा स्नातकोत्तर तहका लागि लेखिएको र यस वि.वि.को पाठ्यक्मसँग सम्बन्धित पुस्तक सम्भनु पर्छ ।

**११. सम्बन्धित विषयको अनुसन्धानात्मक/सन्दर्भ ग्रन्थ अङ्कन गरिने न्यूनतम आधार**

(क) मौलिक खोजी वा अनुसन्धानमा आधारित

(ख) सम्बन्धित विषयलाई योगदान पुग्ने

(ग) विषयवस्तुको गहिराइ

(घ) भाषा र प्रस्तुतीकरण

(ङ) आवश्यक चार्ट, चित्र, तालिका

**१२. राष्ट्रिय वा अन्तर्राष्ट्रिय गोष्ठी सेमिनारमा भाग लिई Abstract प्रकाशन गरेकोमा प्रदान गरिने न्यूनतम आधार**

(क) Abstract प्रकाशनको हकमा गोष्ठीमा भाग लिएको First Auther लाई मात्र अङ्क प्रदान गरिनेछ ।

**१३.राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेख तथा विषयगत अनुसन्धानात्मक लेखहरूलाई यदि Peer Reviewer ले review गरेको छ भने पूरै अङ्कमा मूल्याङ्कन गरिने छ । अङ्कन गर्ने न्यूनतम आधार**

(क) शीर्षक र विषयको सम्बन्ध

(ख) उद्देश्य अनुरुपको विषयवस्तुको संगठन र प्रस्तुतीकरण

(ग) अनुसन्धान विधिको प्रयोग

(घ) विश्लेषण

(ङ) मौलिकता

**नोटः** अध्ययनको पृष्ठभूमि वा परिचय वा सन्दर्भ, अध्ययन विधि वा अध्ययन प्रक्रिया र प्राप्तिहरू नभएको लेख यस अन्तर्गत अङ्कन गरिने छैन । साथै Online Publication को हकमा सेवा आयोगले छानविन गरी मूल्याङ्कनका लागि सिफारिस गर्नेछ ।

**१४ साधारण लेख अङ्कन गर्ने न्यूनतम आधार**

(क) शीर्षक र विषयवस्तुको सम्बन्ध

(ख) प्रस्तुतीकरण

(ग) मौलिकता

**नोट** : अनुसन्धानात्मक लेखलाई आवेदकले साधारण लेखका रुपमा पेश गरेमा उक्त लेखलाई साधारण लेखका रुपमा अङ्कन गरिने छ ।

१५. जर्नलमा प्रकाशित कृति समावेश गर्दा आवेदित पदभन्दा एक पद मुनिको पदमा नियुक्ति भएको मितिपछि प्रकाशित कृतिहरू समावेश गर्न सकिनेछ ।

१६. प्रश्नोत्तरका रुपमा तयार पारिएका गाइड जस्ता कुनै पनि पुस्तकहरूमा मूल्याङ्कन गरिने छैन ।

१७. पुस्तकमा स्पष्ट रुपमा प्रथम संस्करण मिति उल्लेख भएको हुनुपर्ने छ । प्रथम संस्करण उल्लेख नगरी संस्करण मात्र लेखिएका पुस्तकहरू मूल्याङ्कनमा पर्ने छैनन् । साथै पुस्तकमा प्रकाशकको सम्पर्क गर्न मिल्ने ठेगाना उल्लेख भएको हुनुपर्ने छ ।

**आवेदन फारामसाथ बुझाउनु पर्ने अनुसन्धानात्मक र अन्य कृतिहरूको सूचीको ढाँचा**

आवेदित पद : विज्ञापन नं.:

आवेदकको नाम :

क. पाठ्यपुस्तक/ ल्याब म्यानुयल/सन्दर्भ पुस्तक वा प्रकाशित अनुसन्धान प्रतिवेदन

| क्र.सं. | पुस्तकको नाम | प्रकार पाठ्यपुस्तक/ ल्याब म्यानुयल / सन्दर्भ पुस्तक वा प्रकाशित अनुसन्धान प्रतिवेदन | प्रकाशकको नाम | प्रकाशन वर्ष | एक्लै वा संयुक्त लेखन |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**ख. लेखहरू**

| क.सं. | लेखको शीर्षक | प्रकार (राष्ट्रिय/अर्न्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख वा विषयगत अनुसन्धानात्मक लेख वा विषयगत साधारण लेख) | पत्रिकाको नाम, वर्ष र अङ्क | प्रकाशन वर्ष | प्रकाशकको नाम | एक्लै वा संयुक्त लेखन |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**ग.शोध निर्देशन**

| क.सं. | विद्यार्थीको नाम | शोधपत्रको शीर्षक | स्नातकोत्तर वा पीएच.डी. | शोधपत्र पूरा गरेको मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आवेदकको हस्ताक्षर:

## अनुसूची- ३
## शिक्षण सेवा अनुभव वापतको अङ्क

### ३.१. आन्तरिक प्रतियोगिताका लागि

शिक्षण सेवा अनुभव वापतको निर्धारित पूर्णाङ्क यसै अनुसूचीको ३.२ को अन्य व्यवस्थाको अधीनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ :

| पद | आवेदित पदभन्दा एक तह मुनि काम गरे वापत प्रति वर्ष आर्जन गर्ने अङ्क | साविक पदभन्दा तल्ला पदहरूमा काम गरे वापत प्रति वर्ष आर्जन गर्ने अङ्क | प्राप्त गर्न सकिने अधिकतम अङ्क |
|---|---|---|---|
| प्राध्यापक | ४ | ३ | ७० |
| सह-प्राध्यापक | ४ | ३ | ७० |
| वरिष्ठ फार्म प्रबन्धक | ४ | ३ | ७० |
| वरिष्ठ प्रशिक्षक | ५ | ४ | ८० |

### ३.२. शिक्षण सेवा अनुभव सम्बन्धमा थप अन्य व्यवस्था

१ .सेवा अवधि गणना गर्दा जम्मा हुन आउने अवधिमा एक वर्षभन्दा घटी अवधीका लागि अङ्क दिइने छैन । नोकरी अवधिको गणना गर्दा अटुट रुपमा गरेको अवधिलाई जोडिने छ । यसरी जोड्दा उम्मेद्वार आफू वहाल रहेको पद र सोभन्दा तल्लो पदहरूमा काम गरेको अवधि जोडी एक वर्ष अवधि पुगेमा जुन पदमा बढी महिना काम गरेको देखिन्छ सोही पदको अङ्क दिइने छ ।

२. वेतलवी बिदा बसेका वा विश्वविद्यालय बाहिर वेतलवी काजमा गएका शिक्षकको हकमा यस तालिका अन्तर्गत अङ्क दिने प्रयोजनका लागि मात्र सो काज वा बिदाको अवधि गणना गरिने छैन । तर कृ.व.वि.को पूर्व स्वीकृतिमा कृ.व.वि.को सम्बन्धन प्राप्त क्याम्पसमा वा अन्यत्र बेतलवी काज वा बेतलवी बिदामा काम गरेको सेवा अवधिको अङ्क गणना गर्न रोक लगाएको मानिने छैन ।

३. नोकरी वर्ष गणना गर्दा कृ.व.वि. मा अटुट रुपमा गरेको स्थायी, अस्थायी वा करार सेवा अवधि गणना गरिनेछ, कृ.व.वि. ले खटाएको वा कृ.व.वि. को पूर्व स्विकृति लिई अन्य मान्यता प्राप्त विश्वविद्यालयमा गरेको अध्यापन/अनुसन्धान अवधि पनि गणना गरिनेछ ।

४. **क.** उप-प्राध्यापक पद र सोभन्दा माथिको शैक्षिक पदका लागि अङ्क दिइने प्रायोजनका लागि अनुभव गणना गर्दा विश्वविद्यालमा स्थायी, अस्थायी वा करार पदमा रही गरेको शिक्षण अनुभवदेखि अङ्क दिइनेछ ।

**ख**.सहायक-प्राध्यापक/प्रशिक्षक पदहरूमा रही शिक्षण कार्य गर्ने विश्वविद्यालयका शिक्षकहरूको हकमा उप- प्राध्यापक पद र सोभन्दा माथिको शैक्षिक पदका लागि अङ्क दिने प्रयोजनका लागि अनुभव गणना गर्दा सहायक प्राध्यापक/प्रशिक्षकमा करार, अस्थायी वा स्थायी रुपमा काम गरेको अनुभव पनि गणना गरिनेछ ।

ग. विश्वविद्यालयको अन्य सेवामा स्थायी भई विश्वविद्यालयको पूर्व स्वीकृति लिएर शिक्षण काजमा रही कार्यरत शिक्षकहरूको हकमा उप-प्राध्यापक पदका लागि अङ्क दिने प्रयोजनका लागि अनुभव गणना गर्दा स्नातकोत्तर तह उर्त्तीण गरेपछि शिक्षण काजमा सरुवा भई गरेको शिक्षण अनुभवदेखिको मात्र अङ्क दिइनेछ ।

५. विद्यावारिधि/उच्च अध्ययनको मौका प्राप्त गरी अध्ययन बिदामा रही तोकिए अनुसारको अध्ययन पूरा नगरी फर्कने कृ.ब.वि.वि. का शिक्षकहरूले कृ.ब.वि.वि. सेवा आयोगबाट प्रकाशित विज्ञापनमा पदोन्नतिका लागि आवेदन प्रस्तुत गरेमा निजले उपभोग गरेको अध्ययन बिदा अवधिको शिक्षण सेवा अनुभव वापतको अङ्क दिने प्रयोजनका लागि मात्र सो अध्ययन बिदाको अवधि गणना गरिने छैन ।

### ३.३.खुल्ला प्रतियोगिताको लागि

खुल्ला प्रतियोगिता अन्तर्गत शिक्षकका लागि कार्य अनुभव गणना गर्दा मान्यता प्राप्त विश्वविद्यालय वा क्याम्पस (महाविद्यालय) मा सम्बन्धित विषयमा प्राध्यापन वा अनुसन्धान वा विकास तथा प्रसारमा कार्य  गरे वापत प्रत्येक पदका लागि निर्धारित अङ्कभन्दा नवढने  गरी प्रतिवर्ष १ अङ्कका दरले र राष्ट्रिय/अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्र वा सरकारी सेवामा काम गरेको अनुभव वापत निर्धारित अंकभन्दा  नबढ्ने गरी प्रतिवर्ष १ अङ्कका दरले  दिइनेछ । विश्वविद्यालय सेवामा रहेका शिक्षकले खुल्ला प्रतियोगितामा सामेल हुन चाहेमा यही व्यवस्था अनुरुपका दरले अङ्क दिइने छ । अनुभव गणना गर्दा स्नातकोत्तर तह उत्तीर्ण गरी कम्तीमा अधिकृत स्तरको पदमा काम गरेको अवधिदेखिको मात्र गणना गरिनेछ ।

## अनुसूची- ४
## तालिम वापत प्राप्त हुने अङ्क

**४.१ तालिम अवधि र प्राप्त अङ्क**

विभिन्न पदका निमित्त तालिम बापत निर्धारित अङ्क तोकिएको पूर्णाङ्कमा नबढ्ने गरी यसै अनुसूचीको ४.२. को अन्य व्यवस्थाको अधिनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछः

| पेडागोजिकल वा विषयसित सम्बन्धित तालिम अवधि | आवेदित पद | |
|---|---|---|
| | प्रशिक्षक (खुल्ला) | वरिष्ठ प्रशिक्षक/ प्रशिक्षक (आन्तरिक) |
| ३ महिना वा सोभन्दा बढी तर ६ महिनाभन्दा कम अवधिको तालिम | ५ | १० |
| १ महिना वा सोभन्दा बढी तर ३ महिनाभन्दा कम अवधिको तालिम | ३ | ५ |

**४.२ तालिम सम्बन्धी थप अन्य व्यवस्था**

१. उपरोक्त अङ्क आवेदित पदभन्दा एक तह मुनिको पदमा रही लिएको तालिम वापत मात्र दिइने छ ।

२. एक वा एकभन्दा बढी तालिमको अङ्क गणना गर्न सकिने छ तर जम्मा प्राप्ताङ्क तालिम वापत पाउने पूर्णाङ्कभन्दा बढी पाउने छैन ।

३. स्वदेश वा विदेशमा लिइएको तालिमलाई समान अङ्क दिइनेछ ।

४. श्रेणी (Divison) का आधारमा अङ्क भेद्भाव गरिने छैन ।

५. विश्वविद्यालयबाट मान्यता प्राप्त संस्थाबाट विश्वविद्यालयको पूर्व स्वीकृति लिई लिइएको तालिमका लागि मात्र अङ्क प्रदान गरिने छ ।

## अनुसूची-५
## लिखित परीक्षा

१. खुल्ला प्रतियोगिताका माध्यमद्वारा प्राध्यापकभन्दा मुनिको शिक्षक पदहरूमा नियुक्तिका लागि सिफारिस गर्न लिखित परीक्षा लिइने छ ।

२. लिखित परीक्षा हुने विभिन्न शिक्षक पदहरूको उम्मेद्वारहरूको लिखित परीक्षाको पूर्णाङ्क उपप्राध्यापक पदका लागि ७०, सह-प्राध्यापकका लागि ४०, फार्म प्रबन्धकका लागि ७० र प्रशिक्षक पदका लागि १०० निर्धारण गरिनेछ । लिखित परीक्षाको समय ३ घण्टा हुनेछ । देहायका विषयवस्तुहरूलाई आधार बनाई विशेषज्ञहरूको परामर्श लिई सेवा आयोगले सम्बन्धित विषय र स्तरको पाठ्यक्रम तोक्ने छ :

| | सह-प्राध्यापक | उप-प्राध्यापक/फार्म प्रबन्धक | प्रशिक्षक पदका लागि |
|---|---|---|---|
| (क) सम्बन्धित विषयको ज्ञान | ३० | ६० | ९० |
| (ख) कृषि तथा वनविज्ञान विश्वविद्यालय सम्बन्धी ज्ञान | १० | १० | १० |
| **कुल** | ४० | ७० | १०० |

३. लिखित परीक्षाको उर्त्तीणाङ्क ५० प्रतिशत हुनेछ ।

४. लिखित परीक्षाको कूल प्राप्ताङ्कका आधारमा योग्यताक्रम सूची निर्धारण गरिने छ । अर्न्तर्वाताका लागि उम्मेद्वारहरूको नामावलीको संख्या उपलब्ध भएसम्म न्यूनतम ५ जना र अधिकतम रिक्त दरवन्दीको निम्नअनुसार प्रतिशत थप गरेर प्रकाशित गरिने छ :

| रिक्त पद संख्या | प्रतिशत थप उम्मेद्वार |
|---|---|
| ३ देखि ८ भएमा | ७५ प्रतिशत |
| ९ देखि माथि जतिसुकै भएमा | ५० प्रतिशत |

## अनुसूची- ६
## कार्य सम्पादन मूल्याङ्कन

१. उम्मेद्वार भएको शिक्षकको पछिल्लो ५ वर्षसम्मको कार्य सम्पादन मूल्याङ्कन यसै अनुसूचीको बुँदा नं. ४ मा उल्लेख भए वमोजिमको फाराममा निज कार्यरत रहेको संकायको डिनले, निर्देशनालयहरूको हकमा निर्देशक र अन्य निकायहरूमा कार्यरत शिक्षकहरूको हकमा सम्बन्धित निकाय प्रमुखले गर्नेछन् । तर कुनै शिक्षक विश्वविद्यालय बाहिर काजमा रहेको भए काज रहेको कार्यालयको सम्बन्धित प्रमुखको लिखित राय लिइ उपकुलपतिबाट निजको कार्य सम्पादन मूल्याङ्कन गरिनेछ । तर कुनै प्रतियोगितामा संकाय डिन वा निकायका प्रमुख आफैं उम्मेद्वार भएको खण्डमा सो निकायका शिक्षकको मूल्याङ्कन उपकुलपतिबाट गराउनु पर्नेछ ।

२. शिक्षकको कार्य सम्पादन मूल्याङ्कनको पुनरावलोकन उपकुलपतिबाट हुनेछ ।

३. कार्य सम्पादन मूल्याङ्कन सेवा आयोगले तोकेको मितिभित्र प्राप्त नभए न्यूनतम अङ्क ४ प्रदान गरिने छ ।
४. कार्य सम्पादन मूल्याङ्कन फाराम देहाय अनुसार हुनेछ ।

### कार्यसम्पादन मूल्याङ्कन फाराम

१. व्यक्तिगत विवरणः

शिक्षकको नाम..............................आवेदित पद :                    विज्ञापन नं.

हालको पद................................................................विषय :

शुरु नियुक्ति मिति......................................................

(क) स्थायी (ख) अस्थायी (ग) करार

हालको पदमा नियुक्ति भएको मिति :

कृ.व.वि. /अन्य वि.वि.मा सेवारत जम्मा अवधि ...........................वर्ष .............................महिना

हालको पदमा सेवारत जम्मा अवधि .......................वर्ष..............................महिना

हाल कार्यरत क्याम्पस/ निकाय..............................................................................

२. शैक्षिक, प्राज्ञिक वा प्रशासनिक कार्यमा पुऱ्याएको योगदान बारे विस्तृत विवरण

(क)

(ख)

३. अन्य कुनै विशेष उल्लेखनीय कुरा भए यहाँ उल्लेख गर्ने

शिक्षकको हस्ताक्षर.......................................................

**शिक्षकहरूले यहाँसम्मको  विवरण आफैँ भरी आफ्नो व्यक्तिगत विवरण सहित कार्य सम्पादन मूल्याङ्कन फाराम आफ्नो निकाय प्रमुखकोमा प्रस्तुत गर्नुपर्ने छ र निकाय प्रमुखले शिक्षकहरूको कार्य सम्पादनको मूल्याङ्कन देहायानुसार गर्ने छ :**

१. मूल्याङ्कनकर्ताले तल उल्लेखित स्केलमा रेजा (✓) चिन्ह लगाई मूल्याङ्कन गर्न अनिवार्य हुनेछ।

२. उत्कृष्ट अथवा सन्तोषजनक वा ठिकै स्केलबाट मूल्याङ्कन गर्दा विशेष कारण जनाउनु पर्नेछ।

३. विशेष कारण नजनाई उत्कृष्ट स्केलबाट मूल्याङ्कन भएको रहेछ भने छ अङ्क र सन्तोषजनक वा ठीकै स्केलबाट मूल्याङ्कन भएको रहेछ भने ४ अङ्क प्रदान गरिनेछ।

| स्केल | पूर्णाङ्क |
|---|---|
| उत्कृष्ट | ८ |
| ज्यादै राम्रो | ६ |
| राम्रो | ४ |
| सन्तोषजनक | २ |
| ठिकै | १ |

मूल्याङ्कनकर्ता निकाय प्रमुखको सही:

नाम :

निकाय :

मिति :

पुनरावलोकन कर्ताबाट दिएको अङ्क.......................

विशेष कारण भए यहाँ उल्लेख गर्ने :   ...................................................................

पुनरावलोकन कर्ताको सही : ................................................

पद : ...................................................

मिति : .......................................

द्रष्टव्य

१. पुनरावलोकन कर्ताबाट प्रदत्त अङ्क अन्तिम मानिने छ र सोही अङ्क गणना गरिनेछ ।

२. कुनै अङ्क नलेखी पुनरावलोकन कर्ताले सही मात्रा गरेको रहेछ भने मूल्याङ्कनकर्ताले दिएको अङ्कलाई सदर गरेको मानिने छ ।

३. पुनरावलोकन कर्ताले उत्कृष्ट अथवा सन्तोषजनक वा ठिकै स्केल अनुरुपको अङ्क दिएको खण्डमा विशेष कारण जनाउनु पर्नेछ ।

४. विशेष कारण नजनाई उत्कृष्ट स्केलबाट पुनरावलोकन भएको रहेछ भने ६ अङ्क र सन्तोषजनक वा ठिकै स्केलबाट पुनरावलोकन भएको रहेछ भने ४ अङ्क प्रदान गरिने छ ।

५. यो मूल्याङ्कन फाराम भर्दा ठाउँ अपुग भए छुट्टै पाना प्रयोग गर्न सकिनेछ ।

## अनुसूची-७
## अन्तर्वार्ता

१. सेवा आयोगको विज्ञापन बमोजिम प्रतियोगिता हुने सबै शिक्षक पदको लागि अन्तर्वार्ता हुनेछ।

२. अन्तर्वार्ता सम्बन्धी सूचना प्रतियोगिता हुने दिनभन्दा कम्तीमा १५ दिन अगाडि राष्ट्रिय स्तरको पत्रपत्रिकामा, सेवा आयोगको नोटिस बोर्डमा र वेवसाइटमा प्रकाशित गरिने छ।

३. प्राध्यापक, सह-प्राध्यापक, उप-प्राध्यापक, वरिष्ठ प्रशिक्षक र प्रशिक्षक पदको अन्तर्वार्ताका लागि निर्धारित २० अङ्कको विभाजन देहाय बमोजिम हुनेछ :

| पद | विज्ञहरूको संख्या (न्यूनतम) | | | अन्तर्वार्ता पूर्णाङ्क | | |
|---|---|---|---|---|---|---|
| | बाह्य | आन्तरिक | जम्मा | सेवा आयोगका अध्यक्ष र सदस्यहरू | विशेषज्ञहरू | जम्मा |
| १. प्राध्यापक | | | | | | |
| (क) खुल्ला | १ | २ | ३ | ४ | १६ | २० |
| (ख) आन्तरिक | १ | २ | ३ | ४ | १६ | २० |
| २. सह-प्राध्यापक | | | | | | |
| (क) खुल्ला | १ | २ | ३ | ४ | १६ | २० |
| (ख) आन्तरिक | १ | २ | ३ | ४ | १६ | २० |
| ३. उप-प्राध्यापक | | | | | | |
| (क) खुल्ला | – | २ | २ | ४ | १६ | २० |
| ४.वरिष्ठ प्रशिक्षक (आन्तरिक) | - | २ | २ | ४ | १६ | २० |
| ५.प्रशिक्षक (आन्तरिक/खुल्ला) | - | २ | २ | ४ | १६ | २० |

**३. विशेषज्ञ सम्बन्धी व्यवस्था**

१. कार्यकारी परिषद्ले तयार पारेको रोष्टरबाट आन्तरिक र बाह्य विशेषज्ञहरू सेवा आयोगले तोक्नेछ । रोष्टरमा भएका बाह्य वा आन्तरिक विशेषज्ञहरू उपलब्ध हुन नसकेको अवस्थामा सेवा आयोगले उपयुक्त निर्णय लिनेछ ।

२. अन्तर्वार्ताका लागि बस्ने विज्ञहरू सम्भव भएसम्म कृति मूल्याङ्कन गर्ने विज्ञहरूभन्दा फरक हुनेछन् ।

३. प्राध्यापक बाहेक अन्य पदका लागि अन्तर्वार्तामा रहने विशेषज्ञहरूको पद कम्तीमा एक तह माथिको हुनु पर्नेछ ।

४. सेवा आयोगका अध्यक्ष र विशेषज्ञहरूले दिएको औसत अङ्कको जोडी प्राप्त हुन आएको अङ्कको जोड उम्मेद्वारको प्राप्ताङ्क हुनेछ ।

५. अन्तर्वार्ताको प्राप्ताङ्क अन्तर्वार्ताको पूर्णाङ्कको ५० प्रतिशत अङ्कभन्दा कम भएमा उम्मेद्वार सिफारिस हुने छैन ।

६. सेवा आयोगका अध्यक्ष, सदस्य र विषय विशेषज्ञले उम्मेद्वारलाई अन्तर्वार्ताको पूर्णाङ्कको ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा घटी अङ्क दिनु परेमा सोको कारण जनाउनु पर्नेछ । तर अन्तर्वार्ता समितिको बहुमतले उक्त अङ्क नदिएमा अधिकतम वा न्यूनतम अङ्क मात्र मानिने छ ।

७. खुल्ला प्रतियोगिता अन्तर्गत लिइने Skill test (दक्षता परीक्षण) को हकमा सम्बन्धित विषयमा कम्तीमा १० मिनेटको प्रस्तुतीकरण अन्तर्वार्ता समितिले गराउनु पर्नेछ ।

८. अन्तर्वार्ता, लिखित परीक्षा वा अन्य मूल्याङ्कनमा बस्नेहरू (अध्यक्ष, सदस्य, विशेषज्ञ आदि) को पतिपत्नी, छोरा, बुहारी, छोरी, ज्वाइ, धर्मपुत्र र धर्मपुत्री, नाति, नातिना, बाबु, आमा वा सौतेनी आमा, सहोदार दाजुभाइ र निजका पत्नी एवम् उनीहरूका छोरा छोरीहरू, सहोदार दिदी, बहिनी र निजका पति एवम् उनीहरूका छोरा छोरी वा विवाहित महिला कर्मचारीको हकमा निजका सासुससुरा मध्ये कुनै नाता पर्ने भएमा त्यस्तो नाता पर्ने व्यक्ति वा पदाधिकारी सो पदको कुनै पनि दिनको अन्तर्वार्ता वा अन्य मूल्याङ्कनमा विशेषज्ञको रुपमा नियुक्त हुन सक्ने छैन ।

## परिशिष्ट-१

**समावेशीतर्फ छुट्याइएका पदमा दरखास्त दिँदा देहायका आधारमा दिनु पर्नेछ :**

**१. आदिबाशी/जनजातीका हकमा**

आदिबाशी/जनजातीका हकमा नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातीको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**२. मधेशीका हकमा**

मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**३. दलितका हकमा**

दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नेछ ।

**४. अपाङ्गका हकमा**

अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको आधारमा ।

**५. पिछडिएको क्षेत्रको हकमा**

पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बजाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्दछ । पिछडिएको क्षेत्र समूहबाट आवेदन दिनेहरूले यहाँ उल्लेख भएका जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोवास भएको भनी प्रमाणित गरेको पत्र दरखास्त साथ पेश गर्नु पर्नेछ ।

परिशिष्ट-२

## कृषि तथा वनविज्ञान विश्वविद्यालय अन्तर्गत कृषि संकाय, पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान संकाय र वनविज्ञान संकाय तर्फको प्राध्यापक, सह-प्राध्यापक, उप प्राध्यापक, वरिष्ठ फार्म प्रबन्धक, फार्म प्रबन्धक, वरिष्ठ प्रशिक्षक, प्रशिक्षक र सहायक प्रशिक्षक पदको लागि आवश्यक न्यूनतम योग्यता :-

**प्राध्यापक** (आन्तरिक)

मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माष्टर डिग्री र पिएच.डी. पूरा गरी सह प्राध्यापक पदमा कम्तीमा ५ वर्ष काम गरेको अनुभव प्राप्त तथा सम्बन्धित विषयको Peer Reviewed Referred Journal मा प्रथम लेखक भई कम्तीमा ४ (चार) वटा अनुसन्धनात्मक लेख प्रकाशित गरेको ।

अथवा

सम्बन्धित विषयमा प्रथम श्रेणीमा माष्टर डिग्री र पिएच.डी. प्राप्त तथा क्याम्पस/महाविद्यालयमा कम्तीमा १० वर्ष पढाएको अनुभव प्राप्त एवं हाल सह प्राध्यापक पदमा कार्यरत ।

अथवा

सम्बन्धित विषयमा द्वितीय श्रेणीमा माष्टर डिग्री र पिएच. डी. प्राप्त तथा क्याम्पस/महाविद्यालयमा कम्तीमा १२ वर्ष पढाएको अनुभव प्राप्त एवं हाल सह प्राध्यापक पदमा कार्यरत ।

अथवा

सम्बन्धित विषयमा प्रथम श्रेणीमा माष्टर डिग्री प्राप्त तथा क्याम्पस/महाविद्यालयमा कम्तीमा १३ वर्ष पढाएको अनुभव प्राप्त एवं हाल सह प्राध्यापक पदमा कार्यरत ।

अथवा

सम्बन्धित विषयमा द्वितीय श्रेणीमा माष्टर डिग्री प्राप्त तथा क्याम्पस/महाविद्यालयमा कम्तीमा १५ वर्ष पढाएको अनुभव प्राप्त एवं हाल सह प्राध्यापक पदमा कार्यरत ।

**प्राध्यापक** (खुल्ला)

मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रथम श्रेणीमा माष्टर डिग्री र पिएच. डी. प्राप्त तथा सम्बन्धित विषयको Peer Reviewed Referred Journal मा प्रथम लेखक भई कम्तीमा १५ (पन्ध्र) वटा अनुसन्धनात्मक लेख प्रकाशित भएको हुनुपर्ने, जस मध्ये कम्तीमा ५ (पाँच) वटा अनुसन्धनात्मक लेख अर्न्तराष्ट्रिय स्तरको जर्नलमा प्रकाशित गर्नुको साथै विश्वविद्यालयको आंगिक कलेज/क्याम्पस/महा-विद्यालयमा १० वर्ष पढाएको वा राष्ट्रिय/अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्रहरूमा वरिष्ठ वैज्ञानिक वा सरकारी सेवामा अधिकृत प्रथम श्रेणी वा सो सरह र सोभन्दा मथिल्लो पदमा रही कम्तीमा १३ वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव प्राप्त ।

**सह- प्राध्यापक** (आन्तरिक)

मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा आवश्यक न्यूनतम शैक्षिक योग्यता (सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण) पूरा गरी उप प्राध्यापक पदमा स्थायी भई कम्तीमा ५ वर्ष

काम गरेको अनुभव प्राप्त तथा सम्बन्धित विषयको Peer Reviewed Referred Journal मा प्रथम लेखक भई कम्तीमा २ (दुई) वटा अनुसन्धनात्मक लेख प्रकाशित गरेको ।

अथवा

सम्बन्धित विषयमा प्रथम श्रेणीमा माष्टर डिग्री र पिएच. डी. प्राप्त तथा क्याम्पस/महाविद्यालयमा कम्तीमा ८ वर्ष पढाएको अनुभव प्राप्त एवं हाल उप-प्राध्यापक पदमा कार्यरत ।

अथवा

सम्बन्धित विषयमा द्वितीय श्रेणीमा माष्टर डिग्री र पिएच. डी. प्राप्त तथा क्याम्पस/महाविद्यालयमा कम्तीमा १० वर्ष पढाएको अनुभव प्राप्त एवं हाल उप-प्राध्यापक पदमा कार्यरत ।

अथवा

सम्बन्धित विषयमा प्रथम श्रेणीमा माष्टर डिग्री प्राप्त तथा क्याम्पस/महाविद्यालयमा कम्तीमा ११ वर्ष पढाएको अनुभव प्राप्त एवं हाल उप-प्राध्यापक पदमा कार्यरत ।

अथवा

सम्बन्धित विषयमा द्वितीय श्रेणीमा माष्टर डिग्री प्राप्त तथा क्याम्पस/महाविद्यालयमा कम्तीमा १३ वर्ष पढाएको अनुभव प्राप्त एवं हाल उप-प्राध्यापक पदमा कार्यरत ।

**सह- प्राध्यापक (खुल्ला)**

मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रथम श्रेणीमा माष्टर डिग्री र पिएच. डी. प्राप्त तथा सम्बन्धित विषयको Peer Reviewed Referred Journal मा प्रथम लेखक भई कम्तीमा पाँच वटा अनुसन्धनात्मक लेख प्रकाशित भएको हुनुपर्ने, जस मध्ये कम्तीमा दुई वटा अनुसन्धनात्मक लेख अर्न्तराष्ट्रिय स्तरको जर्नलमा प्रकाशित गर्नुको साथै विश्वविद्यालयको आंगिक कलेज/क्याम्पस/महा-विद्यालयमा ५ वर्ष पढाएको वा राष्ट्रिय/अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्रहरूमा वरिष्ठ वैज्ञानिक वा सरकारी सेवामा अधिकृत द्वितीय श्रेणी वा सो सरहको पदमा रही कम्तीमा ८ वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव प्राप्त ।

**उप-प्राध्यापक (खुल्ला)**

मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उर्त्तीण गरेको ।

**वरिष्ठ फार्म प्रबन्धक (आन्तरिक) : (अधिकृत प्रथम श्रेणी सरह)**

मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह उर्त्तीण गरी फार्म प्रबन्धक पदमा कम्तीमा ५ (पाँच) वर्ष काम गरेको अनुभव प्राप्त ।

**फार्म प्रबन्धक (खुल्ला): (अधिकृत द्वितिय श्रेणी सरह)**

मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उर्त्तीण गरेको ।

**बरिष्ठ प्रशिक्षक** (आन्तरिक): (**अधिकृत द्वितीय श्रेणी सरह**)
मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह उर्त्तीण गरी प्रशिक्षक पदमा कम्तीमा ५ वर्षको शिक्षण प्रशिक्षणको अनुभव प्राप्त ।

**प्रशिक्षक** (आन्तरिक): (**अधिकृत तृतीय श्रेणी सरह**)
मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह उर्त्तीण गरी सहायक प्रशिक्षक वा उप प्रशिक्षक पदमा कम्तीमा ५ वर्षको शिक्षण प्रशिक्षणको अनुभव प्राप्त ।

**प्रशिक्षक** (खुल्ला) : (**अधिकृत तृतीय श्रेणी सरह**)
मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उर्त्तीण गरेको ।

<u>द्रष्टव्य</u> :–

i) Journal Publication (प्रकाशन) मूल्याङ्कन गर्ने प्रयोजनका लागि Web of Science वा Scopus सूचीमा परी JCR Impact factor वा SJR rank भएका सबै Journal लाई अन्तर्राष्ट्रिय Referred Journal मानिने छ । JCR Impact factor वा SJR Rank नभएका अन्तर्राष्ट्रय Referred Journal लाई राष्ट्रिय Referred Journal सरह मानी मूल्याङ्कन गरिनेछ । राष्ट्रिय Referred Journal का रुपमा UGC, Universities, National Research Institutions, Registered Professional Societies बाट प्रकाशित जर्नललाई मूल्याङ्कनमा समावेश गरिनेछ ।

ii) विश्वविद्यालयका उप प्राध्यापकहरूलाई खुल्ला प्रतियोगितामा सेवा प्रवेश गराउँदा वि.सं. २०८० देखि न्यूनतम शैक्षिक योग्यता विद्यावारिधि भएको हुनु पर्नेछ । साथै शिक्षण सहायक, सहायक प्रशिक्षक तथा उप प्रशिक्षक पदमा खुल्ला प्रतिस्पर्धाको व्यवस्था हटाइएकाले उक्त पदहरूमा रिक्त हुने दरवन्दीमा विश्वविद्यालयको आवश्यकता अनुसार पद परिवर्तन गरी पदपूर्ती गरिनेछ ।